जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ अंक ६ २०८१ साल साउन ७ गते सोमबार (22 July 2024 Monday) मूल्य रु. ५/-




**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : देशभर एक हजार छ सय ५७... ३ पृष्ठमा : स्थिर र मजबुत सरकारका ... ३ पृष्ठमा :'लोकतन्त्रका लागि गोलीको...

# ४८ जना भ्याक्सिनेटरहरुले पारिश्रमिक नपाएको भन्दै बसे धर्ना



**दैनिक समाचारदाता राजविराज, ६ साउन ।**

जिल्ला भरका ४८ जना भ्याक्सिनेटरहरुले आ.ब. २०८०/८१ को पारिश्रमिक नपाएको भन्दै आइतबार भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र कार्यालय राजविराज परिसरमा धर्नामा बसेका छन् ।

उनीहरुले आफूहरुको माग सिघ्र सम्बोधन नभए आन्दोलन चर्काउने चेतावनी समेत दिएका छन् ।

पारिश्रमिक नपाएका ४८ जनाद्वारा हस्ताक्षरित पत्र आइतबारै प्रमुख जिल्ला अधिकारीलाई बुझाइएको छ । सोही पत्र मुख्यमन्त्रीको कार्यालय, मधेश प्रदेश अर्थ मन्त्रालय, भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, जिल्ला समन्वय समिति सप्तरी तथा पत्रकार महासंघ सप्तरीलाई बोधार्थ समेत गरिएको छ ।

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र राजविराजको आ.ब. २०८०/८१ को वार्षिक स्वीकृत बजेट कार्यक्रम अनुसार राष्ट्रिय महामारी रोग नियन्त्रणको लागि २०८० फागुन ७ गते सूचना निकाली जिल्लाभरीको ४८ वटा भ्याक्सिनेटर नियुक्ती गरिएको थियो ।

कार्यक्रम अनुसार भ्याक्सिनेटरहरु मार्फत सम्पन्न कार्यक्रमको प्रतिवेदन समेत बुझाइसक्दा पनि २०८०/८१ को असार मसान्तसम्ममा पारिश्रमिक नपाएको पत्रमा उल्लेख छ ।

# प्रधानमन्त्री ओलीले पाए दुई तिहाई विश्वासको मत

**दैनिक समाचारदाता राजविराज, ६ साउन ।**

प्रधानमन्त्री केपी ओलीले आइतबार प्रतिनिधिसभाबाट विश्वासको मत प्राप्त गर्न सफल भएका छन् । माओवादी केन्द्रसँगको समिकरण भत्काएर कांग्रेससँग गठबन्धन गर्दै प्रधानमन्त्रीमा नियुक्त भएका ओलीले विश्वासको मत प्राप्त गरेका हुन् ।

विश्वासको मत माथिको प्रस्तावमा मतदान प्रक्रियामा २ सय ६३ सांसदले मात्र भाग लिएका थिए । प्रधानमन्त्रीलाई विश्वासको मत दिने प्रस्तावको पक्षमा १ सय ८८ मत परेको

*बाँकी तीन पृष्ठमा*

# विपीको ४२ औं स्मृति दिवसमा बृक्षारोपण र गोष्ठी



**दैनिक समाचारदाता राजविराज, ६ साउन ।**

प्रथम जननिर्वाचित प्रधानमन्त्री विशेश्वर प्रसाद कोइरालाको योगदानको स्मरण गर्दै आईतवार ४२ औं स्मृति दिवसमा विभिन्न कार्यक्रमको आयोजना गरी मनाइएको छ ।

उनको स्मृति दिवसको अवसरमा सप्तरी काँग्रेस र भातृ संस्थाले विभिन्न कार्यक्रमको आयोजना गरे । राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालका विरामीहरुर्ला फलफुल वितरण तथा अस्पताल परिसर भित्र विभिन्न प्रजातिका सय भन्दा बढी बिरुवा रोपिएको छ ।

*बाँकी अन्तिम पृष्ठमा*

भर्ना खुल्यो ! भर्ना खुल्यो !!

विगत १६ वर्ष देखी संचालन हुदै आएको

ओभरसियरी क्याम्पस

( CTEVT बाट मान्यता प्राप्त )

डिप्लोमा इन कम्प्यूटर इन्जिनियरिङ्ग

( ३ बर्षे )

न्यूनतम योग्यता : S.L.C. उत्तीर्ण तथा S.E.E. परीक्षाको स्तरिकृत अंक समग्रमा न्यूनतम १.६ जि. पि. ए. वा S.E.E. मौका परीक्षामा सामेल हुने विद्यार्थीहरुले पनि फाराम भर्न पाउने छ ।

फारम भर्ने अन्तिम मिति : २०८१ श्रावण १३ गते सम्म ।

सम्पर्क :

सफटेक इन्जिनियरिङ कलेज

रुपनी रोड, राजविराज-८ (सप्तरी)

फोन नं.-०३१-५३०८३९, मो.नं. ९८०४७०१४२१, ९८०४७८०६७४

CTEVT बाट मान्यता प्राप्त

जगदम्बा मेडिकल इन्स्टिच्यूट राजविराज

संचालित कार्यक्रमहरु

डिप्लोमा तह

H.A. (सामान्य चिकित्सा)

अवधी : ३ वर्षे

V-JTA भेटनरी जे.टी.ए.

१८ महिने

P-JTA बाली विज्ञान

१८ महिने

भर्ना खुल्यो । भर्ना खुल्यो ॥ भर्ना खुल्यो ॥।

फारम बितरण मिति : २०८१/३/१६ गतेदेखी

फारम बुझाउने अन्तिम मिति : २०८१/४/१३ गतेसम्म

प्रवेश परिक्षा मिति : २०८१/४/१९ गते शनिबार

समय : बिहान ८ बजेदेखी (H.A.)

समय : दिउँसो १ बजेदेखी (V-JTA, P-JTA)

आजै सम्पर्क गर्नुहोस्

राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक

फोन नं. ०३१-५३१४७८

मो. नं. ९८५२८२०४७२, ९८०४७१२७०५

## सम्पादकीय

### राजश्व बृद्धिमा ध्यान पुगोस्

मधेशका अधिकांश जिल्लाहरुमा खुल्ला सीमानाकाका कारण राजश्व वसुलीमा कमी आउने गरेको छ । अधिकांश जिल्ला भारतको बिहार राज्यसँग टाँसिएको छ । खुल्ला सीमानाका कारण अहिले भन्सार कार्यालयले लक्ष्य अनुसारको राजश्व संकलन गर्न सकेको छैन् । सीमानाकामा तैनाथ सुरक्षाकर्मी समेतलाई प्रलोभनमा पारेर तस्करहरुले राजश्व छल्दै आफ्नो व्यापार फस्टाउँदै गर्दा पनि सम्बन्धीत निकाय मौन छ ।

तस्करहरु प्रायगरि रातीको समयमा भारतबाट नेपाल र नेपालबाट भारत सामान ओसारपोसार गर्ने गरेका छन् । यस्ता गतिबिधीलाई कडाइका प्रहरी प्रशासन तथा स्थानिय पालिका समेतले गम्भिरतापूर्वक अनुगमन र निरिक्षण गरि राजश्व बृद्धि गर्नेतर्फ ध्यान केन्द्रित गर्नुपर्ने उत्तिकै आवश्यकता रहेको छ । यसबाहेक बिहार सरकारले मदिरा बिक्रि बितरणमा पूर्णरुपले रोक लगाएको अवस्थामा अहिलेको नेपालबाट भारत सबैभन्दा बढी मदिराको तस्करी हुने गरेको छ । भारतमा बढी मुल्यमा बिक्रि हुने सामानहरु नेपालबाट तस्करी समेत हुने गरेको छ । मदिरा बिहारमा बढी मुल्यमा बिक्रि समेत हुने गरेकाले साना ठूलो सबै तस्करहरु यसमै केन्द्रित छन् ।

तसर्थ तस्करी नियन्त्रण र राजश्व बृद्धि गर्नेतर्फ भन्सार कार्यालयको गम्भिर ध्यानाकर्षण हुनु जरुरी छ ।

# देशभर एक हजार छ सय ५७ जनामा डेङ्गु सङ्क्रमण

काठमाडौँ, ६ साउन (रासस) ।

पछिल्लो समय देशभर लगातार पानी परिरहेकाले डेङ्गु सङ्क्रमण बढ्दै गएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका किटजन्य रोग शाखाका प्रमुख डा गोकर्णप्रसाद दाहालका अनुसार ७३ जिल्लाका एक हजार छ सय ५७ जनामा डेङ्गुको सङ्क्रमण देखिएको छ ।

मन्त्रालयले यस वर्ष सरदरभन्दा बढी वर्षा हुने आँकलन गरिएकाले मनसुनको समयमा लामखुट्टेको प्रजनन अवस्था अनुकूल बन्नसक्ने र डेङ्गुको सङ्क्रमण पनि बढ्नसक्ने आँकलन गरिएको उहाँले बताउनुभयो । उहाँले मुस्ताङ, डोल्पा, जुम्ला र हुम्लाबाहेक सबै जिल्लामा डेङ्गुको सङ्क्रमण फैलिएको जानकारी दिनुभयो ।

सबैभन्दा बढी काठमाडौँ जिल्लामा एक सय ९६ जनामा डेङ्गु देखिएको छ । त्यसपछि झापामा एक सय २८ र चितवनमा ९२ जनामा सङ्क्रमण देखिएको डा दाहालले बताउनुभयो । वर्षाकाबेला पानी सङ्कलन गरेर राख्ने, सङ्कलन गरिएको पानीमा लामखुट्टे रहने भन्दै त्यही लामखुट्टेले टोक्ने भएकाले डेङ्गुको सङ्क्रमण बढेको उहाँले उल्लेख गर्नुभयो ।

उपत्यकामा दुई सय ५५ जनामा डेङ्गुको सङ्क्रमण देखिएको छ । काठमाडौँमा एक सय ९६, भक्तपुरमा ३५ र ललितपुरमा २४ जनामा देखिएको हो । "पानी जम्ने सफा ठाउँमा 'एडिज एजिप्टी र एडिस एल्बोपिक्टस' प्रजातिको लामखुट्टेले फुल पार्दछ र ती फुल लार्भा निस्कन्छ । त्यही लार्भा वयस्क भएपछि टोकेपछि डेङ्गु रोग लाग्दछ", रोग शाखाका प्रमुख डा दाहालले भन्नुभयो । डेङ्गु सङ्क्रमण अझै बढ्ने भएकाले सतर्कता अपनाउन उहाँले आग्रह गर्नुभयो ।

डेङ्गुबाट बच्ने सबैभन्दा उत्तम उपाय भनेको लामखुट्टेको टोकाइबाट बच्नु रहेकाले आफ्नो घर वरिपरि तथा कार्यस्थलमा सफा पानी जमेको ठाउँमा लामखुट्टेले फुल पार्ने भएको हुँदा पानी जम्न नदिने, घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने, जुनसुकैबेला झुलको प्रयोग गर्ने र पूरै शरीर छोपिने लुगा लगाउनेजस्ता कुरामा ध्यान दिनुपर्दछ ।

सङ्क्रमितलाई झुलभित्र मात्र आराम गराउने वा सुताउने, सङ्क्रमितको हेरचाहमा खटिँदा पूराबाहुला भएको लुगा लगाउने, लामखुट्टे धूप, कोइला व लिक्विड बाल्ने, घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्याल ढोकाम जाली लगाउने र घर वरपर पानी जम्न नदिनेजस्ता उपाय अपनाउनु डा दाहालले जानकारी दिनुभयो ।

उच्च ज्वरो आउने, जोर्नी तथा मांसपेशी बेस्सरी दुख्नु, आँखाको गेडी बेस्सरी दुख्नु, टाउको दुख्नु, शरीरमा राता बिमिरा आउनु, वाकवाकी लाग्नु तथा बान्ता हुनुजस्ता लक्षण देखा पर्दछन् । एक्कासी उच्च ज्वरो आउने, बान्तामा रगत देखापर्ने, नाक वा गिँजाबाट रगत, रक्तश्राव धेरै पेट दुखाइ, श्वासप्रश्वासमा समस्या र बेहोस हुनेजस्ता लक्षण देखिएमा तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा जान मन्त्रालयले अनुरोध गरेको छ ।

# बङ्गलादेशबाट तीन सय ४० नेपाली विद्यार्थी काँकडभिट्टा आइपुगे

झापा, ६ साउन (रासस) ।

पूर्वीनाका काँकडभिट्टा हुँदै तीन दिनमा तीन सय ४० जना नेपाली विद्यार्थी बङ्गलादेशबाट फर्किएका छन् । बङ्गलादेशमा हिंस्रक आन्दोलन चर्किएपछि नेपाली विद्यार्थीहरू स्वदेश फर्किन थालेका हुन् ।

अध्यागमन कार्यालय काँकडभिट्टाका प्रमुख मोहन पनेरुले बिहीबार ८५, शुक्रबार एक सय १४ र शनिबार एक सय ४१ जना नेपाली विद्यार्थी स्वदेश फर्किएका जानकारी दिनुभयो । नेपाली विद्यार्थीसँगै बङ्गलादेशमा अध्ययनरत माल्दिभ्सकी एक छात्रासमेत काँकडभिट्टा नाका भएर नेपाल आएकी उहाँले बताउनुभयो ।

"माल्दिभ्सकी छात्रा नेपालीसँगै त्यहाँ अध्ययन गर्नुहुँदो रहेछ", अध्यागमनअध्यागमन कार्यालय काँकडभिट्टाका प्रमुख पनेरुले भन्नुभयो, "आन्दोलनका कारण हिंसा बढेपछि उहाँ पनि नेपालीसँगै यहाँ आउनुभयो । भारतीय अध्यागमन अधिकारीले पनि उहाँलाई नेपाल जान अनुमति दिएका उहाँले हामीलाई जानकारी दिनुभयो ।"

चिकित्सा शिक्षा अध्ययनका लागि हजारौँ नेपाली विद्यार्थी बङ्गलादेशमा रहँदै आएका छन् । केही समययता बङ्गलादेशमा सरकारी जागिरमा आरक्षण धेरै भएको भन्दै चलेको विद्यार्थी आन्दोलनले उग्ररुप लिएको छ । त्यहाँ रहेका सम्पूर्ण शिक्षण संस्थाहरू बन्द गरिएका छन् ।

ढाकास्थित नेपाली राजदूतावासले सूचना जारी गर्दै नेपाली विद्यार्थीलाई अत्यावश्यक काम नपरी होस्टलबाट बाहिर ननिस्कन आग्रह गरेको प्रमुख पनेरुले जानकारी दिनुभयो । कुनै कारणवश होस्टेलबाट बाहिरिनु पर्ने भएमा दूतावासमा जानकारी गराउनसमेत भनिएको उहाँले बताउनुभयो ।

बङ्गलादेशमा हिंसात्मक आन्दोलन चर्किएपछि नेपाली विद्यार्थीले त्यहाँ बस्नुभन्दा स्वदेश फर्किनु उचित सम्झेर परिवारसँग सम्पर्क गरिरहेका अध्यागमन प्रमुख पनेरुले बताउनुभयो ।

राजधानी ढाकाबाट २० किलोमिटर टाढा इनाम मेडिकल कलेजमा एमबिबिएस अध्ययन गरिरहेका भुषण पोखरेल त्यहाँ जारी निषेधाज्ञाका कारण स्वदेश फर्किन नसकिरहेको उहाँका बुबा जयधर्म पोखरेलले बताउनुभयो । "धेरै नेपाली विद्यार्थी होस्टेलबाट सडकमा निस्कने अवस्था छैन", छोरालाई उद्धृद गर्दै उहाँले भन्नुभयो, "ढाकास्थित नेपाली दूतावासले सुरक्षा र प्रहरीको निगरानीमा एयरपोर्टसम्म पुऱ्याउने व्यवस्था गरिदिए धेरै विद्यार्थी घर फर्किने थिए ।"

बङ्गलादेशमा इन्टरनेट सेवा बन्द गरिँदा 'वाट्स एप', 'मेसेन्जर' लगायत समाजिक सञ्जालका साथै मोबाइल एप्लिकेसनबाट सम्पर्क स्थापित गर्न नसकिएको अभिभावक पोखरेलले जानकारी दिनुभयो । टेलिफोन सम्पर्कमा समेत नेटवर्कको समस्या देखिने गरेको उहाँले बताउनुभयो ।

बङ्गलादेशमा रहेका नेपाली विद्यार्थीलाई ढाकाबाट हवाईमार्ग हुँदै सिधै काठमाडौँ अवतरण हुने र पूर्वीनाका काँकडभिट्टा हुँदै स्थलमार्गबाट नेपाल आउने दुई सजिला विकल्प रहेका छन् ।




अनुरोधकर्ता : विष्णुपुर गाउँपालिका, सप्तरी

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# स्थिर र मजबुत सरकारका लागि कांग्रेस-एमाले मिलेर सरकार गठन भएको हो : सभापति देउवा

काठमाडौं, ६ साउन (रासस)।

नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले स्थिर र मजबुत सरकारका पक्षमा कांग्रेस र नेकपा (एमाले) रहेको बताउनुभएको छ।

प्रतिनिधिसभाको आइतबारको बैठकमा प्रधानमन्त्री केपी शर्मा ओलीले संविधानको धारा ७६ को उपधारा (४) बमोजिम विश्वासको मत प्राप्त गर्नका लागि प्रस्तुत गर्नुभएको प्रस्तावमाथि समर्थन जनाउँदै सभापति देउवाले नेपाली जनताको अपेक्षाअनुसार स्थिर सरकार, तीव्र आर्थिक विकास, रोजगारी सिर्जना तथा भौतिक संरचनाको शीघ्र निर्माण गर्न वर्तमान सरकार गठन भएको उल्लेख गर्नुभयो।

सभापति देउवाले संविधान संशोधन लोकतन्त्रको स्वभाविक अभ्यास रहेको उल्लेख गर्दै संविधान संशोधन गर्दा सबै दलको सहमति खोजिने स्पष्ट पार्नुभयो।

“संविधान कार्यान्वयनको आठ वर्ष पूरा भएको छ। यसको सबल र दुर्बल पक्ष एवम् जटिलताको समीक्षा गरी संविधानमा आवश्यक परिमार्जन गर्नु लोकतन्त्रको स्वभाविक अभ्यास हो”, सभापति देउवाले भन्नुभयो- “संविधान संशोधन गर्दा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था र समावेशितालाई थप सुदृढ गरिनेछ। नेपालमा क्रियाशील सबै राजनीतिक दलबीच संवाद र सहमतिबाट संविधान संशोधन गर्न उचित हुन्छ भन्नेमा हामी स्पष्ट छौं।”

सभापति देउवाले संसदका दुई ठूला दल कांग्रेस र एमाले मिलेर बनेको सरकारले राजनीतिक स्थिरता, तिव्र आर्थिक विकास र समृद्धिका लागि काम गर्ने अपेक्षा गर्नुभयो। “देश विकासका लागि सबैभन्दा पहिलो आवश्यकता स्थिर र मजबुद सरकार निर्माण गर्नु हो। आइतबारको संसद्को संरचनालाई देष्टिगत गरी स्थिर सरकारका लागि संसद्को पहिलो र दोस्रो दल मिलेर सरकार निर्माण भएको छ”, उहाँले भन्नुभयो।

नयाँ सरकारले मुलुकमा देखिएको आर्थिक शिथिलतालाई चिर्दै समग्र अर्थतन्त्रलाई चलायमान बनाउने र दिगो शान्ति कायम गरी गतिशील अर्थतन्त्रको माध्यमबाट देशभित्रै रोगजारीका अवसर सिर्जना गर्ने विषयलाई प्राथमिकतामा राख्ने सभापति देउवाले विश्वास व्यक्त गर्नुभयो। यसबाट राजस्व सङ्कलनमा थप वृद्धि भई विकास निर्माणका जनआकांक्षा पूरा गर्न सकिने उहाँको भनाइ थियो।

भ्रष्टाचार नियन्त्रण गर्दै मुलुकलाई सुशासनतर्फ लैजान आवश्यक रहेको उल्लेख गर्दै सभापति देउवाले विधिको शासन र संविधानको पूर्ण कार्यान्वयनका लागि कानुनको निर्माण, लगानीको वातावरण बनाएर अहिले देखिएको आर्थिक शिथिलता चिरेर आन्तरिक उत्पादन बढाउने तथा रोजगारीका अवसर सिर्जना गरिने बताउनुभयो।

“प्रधानमन्त्री ओली अत्यन्त मेहनती, अध्ययनशील र अनुभवी हुनुहुन्छ। उहाँको मन्त्रिमण्डलमा रहेका साथीहरू पनि योग्य र सक्षम हुनुहुन्छ,” सभापति देउवाले भन्नुभयो, “ओलीको नेतृत्वमा मुलुकले उन्नतिको नयाँ बाटो समात्ने छ भन्ने मैले विश्वास लिएको छु। राजनीतिलाई स्थिरताको बाटोतर्फ उन्मुख गराउन गठन भएको वर्तमान सरकार सफल हुने विश्वास लिएको छु।”

गत असार १७ गते कांग्रेस र एमालेबीच भएको सातबुँदे सहमतिको कार्यान्वयनप्रति कांग्रेस दृढ रहेको र दृढ रहिरहने अवगत गराउँदै सभापति देउवाले एमाले पनि यस कुरामा दृढ रहने विश्वास व्यक्त गर्नुभयो। कांग्रेसले प्रधानमन्त्री ओलीले माग्नुभएको विश्वासको मतको पक्षमा मतदान गर्ने उल्लेख गर्दै उहाँले अन्य दललाई पनि प्रधानमन्त्री ओलीले राख्नुभएको विश्वासको मतको पक्षमा मतदान गर्न अपिल गर्नुभयो।

# उदयपुरको त्रियुगा क्षेत्र भाइरल ज्वरोका बिरामी बढे

गाईघाट, ६ साउन (रासस(।

जिल्लाको त्रियुगा नगरपालिका क्षेत्रमा भाइरल ज्वरोको बिरामी बढेका छन्। बिरामीको सङ्ख्या बढेसँगै जिल्ला अस्पतालमा शय्या अभाव भएको छ।

अस्पताल प्रशासनका अनुसार पचास शय्या क्षमताको अस्पतालमा दैनिक तीन सय जना भाइरल ज्वरोका बिरामी आउने गरेका छन्।

पर्याप्त शय्या अभावमा उपचार गर्न कठिन भएको अस्पतालका सूचना अधिकारी रमेश श्रेष्ठले राससलाई बताउनुभयो। “बिरामीलाई भूमिमा राखेर सेवा गर्नुपरेको छ, अन्य रोग लागेका बिरामीलाई बेड छैन। भाइरल ज्वरोका बिरामीको चाप अनपेक्षित रूपमा बढेको छ” उहाँले भन्नुभयो।

त्रियुगा नगरपालिका क्षेत्रको गाइघाट, पुरानो गाइघाट, असारी, मोतिगडा, देउरी, बगाहा, जलजले, राजाबास, चुहाडे, लक्ष्मीपुर, पोर्ताह, खैराहा झोडा, बिषणपुर, खैजनपुर, मोथ्याई, र जोगिदह क्षेत्रमा अहिले व्यापक भाइरलको प्रकोप फैलिदै गएसँगै प्रत्यक घरमा एक, दुईदेखि सम्पूर्ण परिवारहरूसमेत भाइरलबाट प्रभावित भइरहेका छन्।

त्रियुगा क्षेत्रमा भाइरलको प्रकोप बढेसँगै जिल्ला अस्पतालमा पनि बिरामीको चाप ह्वात्तै बढेको जिल्ला अस्पताल उदयपुरले बताएको छ।

## प्रहरीले चलाएको मोटरसाइकलको ठक्करबाट पैदलयात्रीको मृत्यु

चितवन, ६ साउन (रासस)।

प्रहरीले चलाएको मोटरसाइकलले ठक्कर दिएका पैदलयात्रीको उपचारका क्रममा मृत्यु भएको छ। मृत्यु हुनेमा भरतपुर महानगरपालिका-२ निवासी ४२ वर्षीय सुस्मा श्रेष्ठ रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

कार्यालयका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक भेषराज रिजालका अनुसार यही साउन ४ गते वडा नं २ बाइपास रोडमा पैदलयात्री श्रेष्ठलाई ना२१प १७१५ नम्बरको मोटरसाइकलले ठक्कर दिएको थियो।

जिल्ला प्रहरी कार्यालयमा कार्यरत प्रहरी हबल्दार सूर्य न्यौपानेले महिलालाई ठक्कर दिएका थिए। उनको उपचारका क्रममा आइतबार चितवन मेडिकल कलेजमा मृत्यु भएको हो। ठक्कर दिने मोटरसाइकल र चालक प्रहरीको नियन्त्रणमा रहेको छ।

### *प्रधानमन्त्री ओलीले...*

छ भने विश्वासको मतको विपक्षमा ७४ मत परेको छ। एक जना सांसद तटस्थ बसेको सभामुख देवराज घिमिरेले बताए।

ओलीलाई एमाले, नेपाली कांग्रेस, जसपा, जसपा नेपाल, लोसपा, जनमत, नाउपा लगायतका दलले मत दिएका छन् भने माओवादी केन्द्र, एकीकृत समाजवादी, रास्वपा, राप्रपा, राजमो, नेमकिपा लगायतका दलले विश्वासको मतको विपक्षमा मतदान गरे।

नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमि सुधार तथा मालपोत कार्यालय सप्तरी, राजविराज

मिति :-२०८१/०४/०३

विषय:- ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना ।

रैती नं.४ भवानी प्रसाद सिंह नाममा दर्ता रहेका साविक प्रगन्ना मालझमुना मौजे ईनर्वा फुलवडियाको सा.कि.नं. १०५२ को ज.वि.०-६-१८, रैती नं.३२ चतुर नारायण चौधरी नाममा दर्ता रहेका साविक प्रगन्ना मालझमुना मौजे ईनर्वा फुलवडियाको सा.कि.नं. ६०५ को ज.वि.१-२-१० मध्ये ०-५-२ जग्गा र रैती नं.९६ चौधरी बातर नाममा दर्ता रहेका साविक प्रगन्ना मालझमुना मौजे ईनर्वा फुलवडियाको सा.कि.नं. ९१६ को ज.वि.०-१-१ हाल तपसिल बमोजिम नापी भएको जग्गा छुट जग्गा दर्ता नामसारी समेत गरी पाउँ भनी जिल्ला सप्तरी गा.वि.स.ईनर्वा फुलबरिया वडा नं.६ हाल खड्क नगरपालिका वडा नं.१० बस्ने स्व.रामऔतार भगतको बुहारी स्व.राम चरण भगतको पत्नी सिता देवी भगत-१ र ऐ.ऐ. बस्ने स्व.रामऔतार भगतको बुहारी स्व.राजेन्द्र भगत कलवारको पत्नी इनरवती देवी-१ समेत दुई (२) जनाको यस कार्यालयमा द.नं१७७७५ मिति २०८०/१२/१८ गतेमा माग निवेदन परी हकदाबी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गर्न मिति २०८१/०४/०३ मा आदेश भए बमोजिम यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गरिएको छ । तपसिलमा उल्लेखित जग्गा निवेदकहरु बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्दा कसैको हक जानेछ भने सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा सप्रमाण यस कार्यालयमा आई उजुरी गर्नुहोला । म्यादभित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकहरुको माग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्न तर्फ कानून बमोजिम कार्वाही भै जानेछ । यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने ब्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ

तपसिल

| साविक कि.नं. | साविक दर्तावाला | गा.वि.स. | वडा नं. | हालको कि.नं. | क्षेत्रफल | फिल्डबुकको कैफियत महलको बिबरण |
|---|---|---|---|---|---|---|
| १०५२ | भवानी प्र.सिंह | इनर्वा फुलबरिया | ६क | ४० | ०-६-८.५ | यो जग्गा सप्तरी जिल्ला अदालतमा वादी सीवुजी भगत पं. इ.फु.वाई नं.६ प्रतिवादी सोनाई भगत समेतको पं.इ.फु.वाई नं.६ को झगडा परेको हो । |
| ६०५ | चतुर नारायण चौधरी | इनर्वा फुलबरिया | ६क | २१४ | ०-५-१० | यो जग्गा इ.फु.वाई नं.६ बस्ने राम औतार कल्वार भगतको नम्बरी हो । |
| ९१६ | चौधरी बातर | इनर्वा फुलबरिया | ६क | २० | ०-१-२ | यो जग्गा इ.फु.वाई नं.६ बस्ने राम औतार कल्वार भगतको नम्बरी हो । |

२०८१/०४/०२

प्रमुख मालपोत अधिकृत

# विश्व समाचार

## ‘लोकतन्त्रका लागि गोलीको चोट सहनुपरेको’ अमेरिकी पूर्वराष्ट्रपति ट्रम्पको भनाइ

संयुक्त राज्य अमेरिका, ६ साउन (रासस/एएफपी)।

अमेरिकाका पूर्व राष्ट्रपति डोनाल्ड ट्रम्पले मिशिगनको एक र्‍यालीमा आफूमाथि भएको घातक आक्रमणलाई उद्धृत गर्दै आफूले ‘लोकतन्त्रका लागि गोली खाएको’ बताउनुभएको छ।

अमेरिकी राष्ट्रपति चुनावमा आफ्नो उम्मेदवारीको पक्षमा प्रचार गरिरहेका ट्रम्पले आफूमाथि भएको आक्रमणपछि पहिलो पटक चुनावी र्‍यालीलाई सम्बोधन गर्नुभएको हो। उहाँको साथमा रिपब्लिकन पार्टीका उपराष्ट्रपतिपदका उम्मेदवार जेडी वायन पनि हुनुहुन्थ्यो।

शुक्रबार उहाँले खचाखच भरिएको र्‍यालीस्थल ग्रान्ड र्‍यापिड्समा डेमोक्र्याट्सले आफूलाई लोकतन्त्रका लागि खतरा भन्दै आएको बताउनुभएको थियो। उहाँले तालीको गडगडाहटबीच आफू ‘ह्वाइट हाउस फिर्ता लिन’ तयार रहेको बताउनुभएको थियो।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पमाथि गत साता भएको आक्रमणको अनुसन्धान भइरहेको छ। आक्रमणमा गोलीले ट्रम्पको कानमा लछारेको थियो। गत शनिबार ट्रम्प कानमा पट्टी बाँधेर रिपब्लिकन नेसनल कन्भेन्सनमा पुग्नुभएको थियो। तर मिशिगनको र्‍यालीमा उहाँले आफ्नो कानमा पट्टी बाँध्नुभएको थिएन।

## बङ्गलादेश : आरक्षणसम्बन्धी आदेश ‘गैरकानूनी’ ठहर

ढाका, ६ साउन (रासस/एएफपी)।

बङ्गलादेशको सर्वोच्च अदालतले यस बर्षको जून ५ मा गरिएको आरक्षणसम्बन्धी फैसलालाई ‘गैरकानुनी’ ठहर गरेको छ।

एक महिना पहिले तल्लो अदालतले सन् २०१८ मा सरकारी नोकरीमा आरक्षण नदिनेगरी गरिएको सरकारको अधिसूचनालाई उल्टाउँदै आरक्षणको पक्षमा फैसला दिएको थियो। विवादास्पद निजामती सेवा भर्ती नियमहरू पूर्णरूपमा खारेज गर्न गरिएको सार्वजनिक मागलाई बेवास्ता गरेको विपक्षीहरूको आरोप छ।

आरक्षण दिने निर्णयले देशव्यापी रूपमा प्रहरी र विश्वविद्यालयका विद्यार्थीहरूबीच झडप निम्त्याएको थियो। आन्दोलनका क्रममा १५१ जनाको मृत्यु भएको छ।

सरकारी जागिरका लागि राजनीतिकरण गरिएको भर्ना कोटाको विरोधमा सुरु भएको विरोधमा यसै साता शुरू भएको प्रदर्शन प्रधानमन्त्री शेख हसिनाको कार्यकालको सबैभन्दा खराब अशान्तिमा परिणत भएको छ।

दङ्गा प्रहरीले सुव्यवस्था कायम गर्न नसकेपछि बङ्गलादेशका विभिन्न शहरमा सैनिकले गस्ती गरिरहेका छन् भने बिहीबारदेखि देशव्यापी इन्टरनेट अवरोध भएको र यसका कारण बाहिरी विश्वमा सूचना प्रवाहमा समस्या भएको छ।

सर्वोच्च अदालतले हालै पुनः सुरु गरिएको सरकारी जागिरका आवेदकहरूको चयन लागि आरक्षित योजनाको वैधताको बारेमा अर्को महिना निर्णय गर्ने तालिका रहेको थियो, तर देशव्यापी सङ्घर्ष तीव्र भएपछि आफ्नो निर्णयलाई एक महिना पहिले सुनाएको छ।

बङ्गलादेशका महान्यायाधिवक्ता एएम अमीन उद्दीनले एएफपीसँग भन्नुभयो, “गत महिना तल्लो बेन्चले यो योजना पुनः लागू गर्न दिएको आदेश ‘गैरकानुनी’ थियो र सर्वोच्च अदालतबाट यही फैसला भएको छ।

यस मुद्दामा संलग्न वकिल शाह मोन्जुरुल हकले एएफपीलाई बताए अनुसार अदालतले आफ्नो फैसला सुनाएपछि प्रदर्शनकारी विद्यार्थीहरूलाई ‘कक्षामा फर्कन’ पनि भनेको छ।यो फैसलाले आरक्षित रोजगारीको संख्यालाई सबै पदहरूको ५६ प्रतिशतबाट घटाएर सात प्रतिशतमा झारेको छ, तर प्रदर्शनकारीहरूको माग पूरा गर्न असफल भएको छ।

सन् १९७१ मा बङ्गलादेशले पाकिस्तानविरुद्ध गरेको स्वतन्त्रता सङ्ग्राममा ‘स्वतन्त्रता सेनानीहरू’ का छोराछोरीका लागि सबै सरकारी जागिरको पाँच प्रतिशत आरक्षण गरिएको थियो। बङ्गलादेशको कानुनअनुसार एक प्रतिशत आदिवासी समुदायका लागि र अर्को एक प्रतिशत अपाङ्गता भएका वा तेस्रो लिंगीका लागि छुट्याइएको थियो भने बाँकी ९३ प्रतिशत पदको निर्णय योग्यताका आधारमा गरिने अदालतले जनाएको छ।

आलोचकहरू भन्छन्, “‘स्वतन्त्रता सेनानी’ श्रेणी युवा स्नातकहरूका लागि छुट्याइएको आरक्षण व्यवस्था प्रधानमन्त्री हसिनाको सत्तारूढ अवामी लीगका वफादारहरूलाई भर्ना गर्न प्रयोग हुन थालेपछि आन्दोलन उर्लेको हो।”विद्यार्थीहरूले महिला र देशका विशिष्ट जिल्लाहरूका लागि अन्य कोटासहित उक्त श्रेणीको पूर्ण उन्मूलनको माग गरेका थिए।

# खेलाडीहरुद्वारा विभिन्न व्यक्तिलाई सम्मान



**दैनिक समाचारदाता**
**राजविराज, ६ साउन ।**

गुरु पुर्णिमाको अवसरमा भारोत्तोलन संघ सप्तरीका खेलाडीहरुले विभिन्न व्यक्तित्वलाई सम्मान गरेको छ।

जिल्ला खेलकुद विकास समितिको सभाकक्षमा आयोजित कार्यक्रममा खेलाडीहरुले संघ निवर्तमान अध्यक्ष समेत रहेका प्रदेश सांसद महेश प्रसाद यादव, भारोत्तोलनका प्रशिक्षक पुन्तिलाल यादव तथा नेपाल खेलकुद पत्रकार मञ्च सप्तरीका अध्यक्ष मनोज कुमार माझीलाई सम्मान गरेका हुन।

संघका कार्यवाहक अध्यक्ष गोपाल प्रसाद गुप्ताको अध्यक्षतामा आयोजित कार्यक्रमका प्रमुख अतिथी प्रदेश प्रदेश सांसद यादवले शिक्षा र खेलकुद क्षेत्रको विकास भए मात्र विकास निर्माणले गतिलिने बताए। खेलकुदको विकासले विकास निर्माणका साथै पर्यटनको विकासमा पनि टेवा पुर्‍याउने भन्दै उनले प्रदेशको तर्फबाट योग्य र अनुशासित खेलाडी उत्पादन तथा प्रदेशको खेलकुदलाई माथी उठाउन आफूले सक्दो पहल गर्ने बताए।

मधेश प्रदेशको निर्वतमान शिक्षा मन्त्री समेत रहेका उनले विद्यार्थीको शैक्षिक गुणस्तर बृद्धिका लागी गूरुको ठूलो दायित्व र जिम्मेवारी हुने भन्दै गुरुबाट प्राप्त ज्ञान ब्यवहारमा उर्तानु पर्नेमा जोड दिए।

# यस्तो छ कांग्रेस र एमालेबीच भएको सहमति

काठमाडौँ, ६ साउन (रासस)।

प्रधानमन्त्री केपी शर्मा ओलीले नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले) बीच भएको सातबुँदे सहमतिबारे सदनलाई जानकारी गराउनुभएको छ।

प्रतिनिधिसभाको आइतबारको बैठकमा विश्वासको मत माग्ने क्रममा प्रधानमन्त्री ओलीले गत असार १७ गते कांग्रेस र एमालेबीच भएको सातबुँदे सहमतिबारे सदनलाई जानकारी गराउनुभएको हो। उहाँले सदनलाई जानकारी गराउनुभएको सहमतिका सातवटा बुँदा यसप्रकार रहेका छन्।

१) आम जनताको चाहनाबमोजिम राष्ट्रिय हितको रक्षा गर्न, भ्रष्टाचार नियन्त्रण गरी मुलुकमा सुशासन कायम गर्न, राष्ट्रको विकास निर्माण अभियानलाई तीव्रता दिन राजनीतिक स्थिरताका लागि अन्य राजनीतिक दललाई समेत सहभागी गराई संविधानको धारा ७६ (२) अन्तर्गत राष्ट्रिय सहमतिको सरकार निर्माण गरिने छ।

२) राष्ट्रिय सहमतिको सरकारले संविधान प्रारम्भ भएपश्चात् अभ्यासमा देखापरेका सवल पक्ष र दुर्वल पक्ष तथा जटिलताको समीक्षा गरी राजनीतिक स्थायित्वका लागि संविधानमा आवश्यक संशोधन र तदनुकूलको कानुन निर्माण गर्ने विषयलाई प्राथमिकता दिने छ।

३) अर्थतन्त्रमा देखिएको विद्यमान शिथिलतालाई अन्त्य गरी विश्वसनीय व्यावसायिक वातावरण तयार गरी आर्थिक गतिविधिलाई चलायमान बनाउने र आन्तरिक तथा बाह्य लगानीलाई प्रोत्साहन गरी मुलुकभित्र पर्याप्त र मर्यादित रोजगारी सिर्जना गरिने छ।

४) राष्ट्रिय सहमतिको सरकारको नेतृत्व सरकार गठन भएको मितिले दुई वर्षसम्म नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले तथा त्यसपछि २०८४ मङ्सिरमा हुने आम निर्वाचनसम्म नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले गर्ने।

५) राष्ट्रिय हितको रक्षा गर्न, भ्रष्टाचार नियन्त्रण गरी मुलुकमा सुशासन कायम गर्न, राष्ट्रको विकास निर्माणको अभियानलाई तीव्रता दिन राष्ट्रिय सहमतिको सरकार सञ्चालनका आधार र न्यूनतम साझा कार्यक्रम तर्जुमा गरी सोही आधारमा सरकार सञ्चालन गरिने छ।

६) राष्ट्रिय सहमतिको सरकारका लागि दुई प्रमुख राजनीतिक दलको नेतृत्वदायी भूमिका र समानताका आधारमा समान हैसियतमा सरकारमा सहभागिता रहने तथा अन्य राजनीतिक दललाई समेत सरकारमा समावेश गरिने छ।

७) राष्ट्रिय सहमतिको सरकारको मर्म र भावनाअनुरुप प्रदेश सरकारको गठन तथा सञ्चालन गर्ने र जनभावनाअनुरुप प्रदेश तथा स्थानीय तहमा हुने विकास निर्माणको कामलाई तीव्रता दिइने छ।

# प्रा.डा. यादवको बार्षिक पुण्यतिथिमा विद्यार्थी पुरस्कृत



**दैनिक समाचारदाता**
**राजविराज, ६ साउन ।**

गुरु पुर्णिमाको अवसर पारेर आइतबार राजविराजस्थित ज्ञानज्योति सेकेन्डरी स्कुलले एसइइ परिक्षामा उत्कृष्ट अंक ल्याउने प्याब्शन अन्तर्गतका विद्यालयका छात्रछात्रालाई पुरस्कारसहित सम्मान गरेको छ।

विद्यालयका पूर्व प्रिन्सीपल तथा मबिव क्याम्पसका सहप्राध्यापक स्व. प्रा.डा.पंचदेव यादवको स्मृति तथा सम्मानमा स्थापित उक्त पुरस्कारबाट गुरु पुर्णिमाका दिन प्रत्येक वर्ष एसइइ परिक्षामा उत्कृष्ठ अंक ल्याउने छात्र छात्राहरुलाई प्रदान गर्ने गरिन्छ।

पुरस्कृत हुनेमा सरस्वती शिशु सदन ई. वोर्डिङ स्कुल पोर्ताहाका गंगा मण्डल जिपिए (३.९१), डेफोडिल वोर्डिङ स्कुल कंचनपुरका आनन्द गुप्ता (३.८५) र आर्दश माध्यमिक बिद्यालय महुलीका राजेश चौधरी (३.८४) लाई प्रशंसापत्र सँगै प्रथम हुनेलाई नगद ५ हजार, दोस्रो हुनेलाई २ हजार ५ सय र तेस्रो हुनेलाई १ हजार ५ सय र मेडेल प्रदान गरिएको छ।

सम्मानित हुने बिधार्थीहरूलाई ज्ञान ज्योती बोडिंग स्कुलका संस्थापक तथा स्व. यादबका पत्नी सुशिला देबी यादवले संयुक्त रूपमा प्रशंसापत्र तथा दोसल्ला ओढाएर सम्मान गरिन्।

उक्त अवसरमा मबिव क्याम्पसका अवकास प्राप्त सह प्रा.डा. रामखेलावन यादबले स्व. यादबको जिवनी बारेमा प्रशंसा गर्दै सप्तरीको शिक्षामा पुर्‍याएको योगदानको बारेमा चर्चा गरेका थिए।

सो अवसरमा प्रा.डा. राजनारायण यादव, पुर्व प्राधानाध्यापक प्रदिप चौधरी, यादब सेवा समितिका महासचिव महेन्द्र प्रसाद यादब, प्याब्सन सप्तरीका अध्यक्ष अरूण देव, सल्लाहाकार सुरेश कुमार यादब, स्व. यादबको छोरी डा. बिजयलता यादबलगायतले शिक्षाको बिकास र समाजको परिवर्तनमा अतुल्निय भुमिको प्रशंसा गरेका थिए।

कार्यक्रममा प्याब्सन सप्तरीका अध्यक्ष अरूण देव, प्याब्सनका पुर्वकेन्द्रीय सदस्य निर्जला कोईराला, जिल्ला उपाध्यक्ष देवकान्त चौधरी, सहसचिव अरबेन्द्र कुमार यादब, कोषाध्यक्ष हरेराम साह, सल्लाहाकार सुरेश कुमार यादब, डेफोडिल स्कुल कंचनपुरका संस्थापक नागेन्द्र श्रेष्ठ लगायतको उपस्थिति रहेको थियो।

स्व प्रा.डा. यादव मबिव क्याम्पसका गणित बिषयको सहप्राध्यापकको रूपमा बिगत ३३ बर्षदेखि कार्यरत थिए। उनी निजि आवासिय बिद्यालय प्याबसनका पुर्व अध्यक्षसहित मैथली साहित्य परिषद तथा विभिन्न सामाजिक संघसंस्थामा आबद्ध थिए। उनको गत बर्ष मोटरसाईकल दुर्घटनामा परि निधन भएको थियो।

## विपीको ४२ औं ...

उक्त कार्यक्रममा नेपाली काँग्रेस सप्तरीका सभापती रामदेव साह, उपसभापती रामकुमार यादव, सचिव सनत मण्डल, जिल्ला समन्वय समितीका सभापती शिव नारायण साह, नेपाल निजामती स्वास्थ कर्मचारी युनियनका अध्यक्ष सूर्यकान्त झा, स्वास्थकर्मी संघका अध्यक्ष शिव नारायण चौधरी, काँग्रेस सप्तरीको संगठन विभाग प्रमुख बद्री महात्मान, नेविसंघ सप्तरीका सभापती राकेश ठाकुर, राजविराज उच्च बार एशोसियसनका अध्यक्ष हरेराम यदाव, बरिष्ठ नेता विकेश्वर विमल यादव, युवा नेता विकास सिह लगायतका नेता/कार्यकर्ता सहभागी थिए।

कोईरालाले नेपालमा राष्ट्रियता, प्रजातन्त्र र समाजवादका लागी गरेको योगदानको स्मरण गर्दै यस्तो कार्यक्रम आयोजना गरीएको नेपाली काँग्रेस सप्तरीका पदाधिकारीहरुले बताए।

राष्ट्रिय अर्थतन्त्रमा योगदान बढाऔं

- स्थानीय स्रोत र साधन परिचालन गरी उत्पादन बढाऔं,
- आर्थिक रुपमा सक्षम बनौं, राष्ट्रिय पूँजी निर्माणमा योगदान पुर्‍याऔं,
- देखासिकी नगरौं, आफ्नो आर्थिक क्षमताको पहिचान गरौं,
- मितव्ययी बनौं, फजुल खर्च नगरौं,
- विलासिताका वस्तु तथा सेवाको अनावश्यक उपयोगलाई निरूत्साहित गरौं,
- अनावश्यक खर्च घटाएर बचत गर्ने बानीको विकास गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनहितमा जारी सन्देश

- बालअधिकारको सम्मान गरौं : शान्ति, सुशासन र समृद्धिको वीउ रोपौं ।
- गरिवी र असमानताको स्थायी निकास : समावेशी र बालमैत्री स्थानीय विकास
- बालमैत्री स्थानीय शासन हाम्रो अभियान : सुरक्षित र बालमैत्री विद्यालय हाम्रो अभियान
- हिंसा, बालश्रम र शोषणलाई निषेध गरौः सामाजिक न्याय र सुशासन संस्थान गरौं ।
- वालविवाहको अन्त्य गरौं, आफ्ना नानीवावुहरुलाई नियमित विद्यालय पठाऔं ।
- जेष्ठ नागरिकलाई सम्मान गरौं, जातीय छुवाछुतको अन्त्य गरौं ।

अनुरोधकर्ता : शम्भुनाथ नगरपालिका, सप्तरी

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*